फालेलुङ गाउँपालिका

# फालेलुङ राजपत्र

फालेलुङ गाउँपालिकाबाट प्रकाशित

खण्डः ६) थकेपुङ, पाँचथर, फाल्गुन १० गते, २०८०साल (संख्याः ३

**भाग-२**

**फालेलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, थकेपुङ, पाँचथर**

फालेलुङ गाउँपालिका कृषि विकास संचालन कार्यविधि, २०८०

# **फालेलुङ गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८०**

**प्रस्तावनाः**

यस फालेलुङ गाउँपालिका  कृषकहरुलाई कृषि पेशा तर्फ आकर्षित गरी गाउँपालिकालाई खाद्यान्न, तरकारी तथा फलफुलमा आत्मनिर्भर तथा सम्भाव्य बालीहरु निर्यात गर्न सक्ने अवस्थामा पुऱ्याउन यस तथा यस पछिका आर्थिक वर्षहरुमा यस्ता क्रियाकलापहरुलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

फालेलुङ गाउँपालिकाको "प्रशासकीय कार्यविधि ऐन, २०७९" को दफा ४ र "स्थानीय सरकार संचालन ऐन, २०७४" को दफा १०२(२) को व्यवस्था अनुरुप कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८० तयार गरी लागु गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "फालेलुङ कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क. "अनुदान" भन्नाले फालेलुङ गाउँपालिका गाउँ कार्यपालिका मातहतका शाखा वा उपशाखआद्वारा विभिन्न बाली तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागी कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी, कृषि/पशु फर्मलाई, उपलब्ध गराउने नगद वा जिन्सी सहयोगलाई सम्झनुपर्छ ।

ख. "अनुदानग्राही" भन्नाले फालेलुङ गाउँपालिका गाउँ कार्यपालिका मातहतका निकायद्वारा उपलब्ध गराइने अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी, कृषि/पशु फर्मलाइ सम्झनुपर्छ ।

ग. "कृषि" भन्नाले विभिन्न खाद्यान्न, तरकारी, फलफूल, औद्योगिक बाली, मसला बाली, च्याउ, पशुपन्छी उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बन्धि व्यवसायसम्झनुपर्छ ।

घ. "परिवार" भन्नाले अनुदानग्राहिको पति वा पत्नि, छोरा, बुहारी, छोरी, धर्मपुत्र,धर्मपुत्री, बाबु, आमा ,सौतेनी आमा र आफुले पालन पोषण गनुपर्ने दाजु, भाउजु, भाई, बुहारी, दिदी,बहिनी सम्झनुपर्छ ।

ङ. "कार्यक्रम" भन्नाले गाउँपालिकाबाट संचालन हुने अनुदान प्रवाह सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

च. "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको फालेलुङ गाउँपालिकालाई सम्झनुपर्दछ।

छ. "कार्यापालिका" भन्नाले फालेलुङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

ज. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

झ. "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ञ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ट. "छनौट समिति" भन्नाले दफा १८ बमोजिमको छनौट समिति सम्झनु पर्दछ ।

## परिच्छेद -२

## अनुदान उपलब्ध गराउन सक्ने

**३. <u>अनुदान उपलब्ध गराउन सक्नेः</u>** गाउँपालिकाले वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम छनौट भएका व्यक्ति वा संस्था वा समूहलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

**४. <u>अनुदानको सूचना र अनुदानग्राहीको छनौटः</u>** (१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्न कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार कुनै व्यवसाय गर्न चाहने व्यक्ति वा संस्था वा समूहसंग सूचनाको पहुँच पुग्ने गरी कम्तिमा १५ दिनको समयसीमा राखी आवेदन मागको लागि सार्वजनिक रुपमा सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन आव्हान भए पश्चात ईच्छुक व्यक्ति वा समूह वा संस्थाले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त आवेदन अध्ययन गरी छनौटका लागि कार्यालयले दफा १८ बमोजिमको छनौट समितिमा पठाउनु पर्नेछ।

(४) छनौट समितिले आवेदन दिएका व्यक्ति वा संस्था वा समूह मध्येबाट व्यवसायको क्षेत्र, परियोजना प्रस्ताव तथा प्रस्तावित लगानी र फिर्ताको प्रस्तावको आधारमा अनुदान रकम र अनुदानग्राहीका प्राथमिकता निर्धारण गरिनेछ। यस क्रममा सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गरेका, तालिम प्रशिक्षण लिएका र लघु तथा घरेलु उद्‌यमशीलताको सम्बन्धमा मेडपा तालिम लिएकालाई प्राथमिकता दिइनेछ।

(५) दफा १८ बमोजिमको छनौट समितिको सिफारिस बमोजिम कार्यालयले कार्यक्रम कार्यान्वयन गर्नेछ।

**५. <u>अनुदान रकमको सिमाः</u>** (१) गाउँपालिकाबाट व्यक्ति वा संस्था वा समूहलाई उपलब्ध गराइने अनुदान रकम कूल कार्यक्रम लागतको पचहत्तर प्रतिशत वा तीन लाख जुन कम हुन्छ सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद वा प्रचलित कानुनमा तोकिएको लक्षित समूहका लागि गाउँपालिका आफैले वा गैर-सरकारी संघ संस्थाको साझेदारीमा संचालन हुने कार्यक्रमको हकमा यो कार्यविधि लागु हुने छैन।

६. **अनुदान रकमको निर्धारणः** कार्यालयले वार्षिक विनियोजित बजेटको सिमाभित्र रही छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम निर्धारण गर्नेछ।

७. **अनुदानग्राहीसँग सम्झौता गर्नु पर्नेः** (१) कार्यालयले छनौट भएका व्यक्ति वा संस्था वा समूहलाई दिइने अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्दा अनुदानग्राहीले आफ्नो तर्फबाट लगानी गर्न प्रस्ताव रकम नगदै वा ऋण लिई लगानी गर्ने भए ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र र यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्न मञ्जुर भएको पत्रसमेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्ने समय, कार्य सम्पन्न गर्ने समय, अनुदान भुक्तानी हुने बैंकको शाखा कार्यालय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(४) कृषि अनुदान कार्यक्रम संचालन गरिएको जमिनमा कम्तिमा ५ वर्ष कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न शर्त मन्जुर गरिएको हुनुपर्नेछ।

८. **अनुदानको भुक्तानी बैंकमार्फत हुनेः** (१) गाउँपालिकाले यस कार्यविधि बमोजिमको अनुदान रकम अनुदानग्राहीलाई बैंक मार्फत उपलब्ध गराउनेछ।

(२) कार्यालयले छनौट गरेको अनुदानग्राहीले बैंक मार्फत अनुदान प्राप्तिको लागी आफुलाई पाएक पर्ने बैंकमा खाता खोल्नु पर्नेछ र अनुदानग्राहीको खाता रहेको बैंकमा अनुदान रकम जम्मा गरिनेछ।

९. **बैंक मार्फत अनुदान भुक्तानी प्रक्रियाः** (१) कार्यालयले बैंक मार्फत अनुदानग्राहीलाई अनुदानग्राहीको कार्य सम्पादन प्रगति प्रतिवेदनको आधारमा लगानी अनुपातमा अनुदान भुक्तानी गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीले चाहेमा शतप्रतिशत कार्य सम्पन्न गरे पश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

१०. **व्यवसाय दर्ता गर्नुपर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने व्यवसायीले आफ्नो व्यवसाय गाउँपालिकामा अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ।

११. **बीमा गर्नुपर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको उद्यम वा व्यवसायको बीमा गर्नु पर्नेछ।

१२. **विवरण सुरक्षित राख्नुपर्नेः** कार्यालयले अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने अनुदानग्राहीसँग भएको सम्झौताको विवरण अभिलेख कार्यालयमा सुरक्षित तवरले राख्नुपर्नेछ।

१३. **असुल उपर/जरिवाना गर्न सक्नेः** (१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै अनुदानग्राहीले यस कार्यालयद्वारा प्रवाह गरेको अनुदान हिनामिना गरेको प्रमाणित भएमा अनुदान बापतको रकम असुल उपर गरी अनुदान रकमको १५ देखि २५ प्रतिशतसम्म जरिवाना गर्न सकिनेछ

(३) उपदफा (२) बमोजिम जरिवाना गर्नु अघि सम्बन्धित कृषक समुह, सहकारी तथा फर्मलाई आरोप बिरुद्ध सात दिने सूचना जारी गरी स्पष्टिकरण पेश गर्ने मौका दिनु पर्नेछ।

**१४. <u>संघीय सरकार वा प्रदेश सरकारबाट संचालन हुने कार्यक्रमः</u>**संघीय सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त गरी मन्त्रालय र मातहतका निकायबाट संचालन हुने कार्यक्रमहरु संघीय र प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम संचालन गरिनेछ।

**१५. <u>सम्झौता बमोजिम संचालन हुनेः</u>** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि साझेदार निकायको सहयोगमा संचालित कार्यक्रम वा आयोजना क्रियाकलाप संचालन गर्दा सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम संचालन गरिनेछ।

**१६. <u>अनुदानग्राहीले कर्जा प्राप्त गर्न सक्नेः</u>** अनुदानग्राहीले चाहेमा आफूले स्वःलगानी गर्नुपर्ने रकम अनुदानको स्वीकृति हुनुपूर्व बैंकको प्रचलित नियम बमोजिम कर्जा प्राप्तिको सुनिश्चितता गर्न सक्नेछ।

**१७. <u>यान्त्रिकरणमा अनुदानः</u>** (१) गाउँपालिकामा दर्ता भएका कृषि तथा अन्य उद्यमशिल व्यवसाय गर्ने फर्म, सहकारी, समूहबाट माग भए बमोजिम गाउँपालिका तथा अन्य साझेदार निकायको लागत सहभागितामा मिनी टिलर, ट्र्याक्टर, आधुनिक कृषि यान्त्रिकरण उपकरण औजार तथा आफ्नो पेशा व्यवसायलाई बिस्तार गर्ने प्रायोजनार्थ खरिद गरिने मेशिनरी औजारहरुमा अधिकतम पचहत्तर प्रतिशतसम्म लागत सहभागिता व्यहोर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम बाँकी पच्चीस प्रतिशत व्यवसायीको लागत अग्रिम रुपमा गाउँपालिकाको सम्बन्धित कोष खातामा जम्मा गर्नुपर्नेछ।

(३) उल्लेखित अनुदान कार्यक्रम गाउँपालिकाको स्वीकृत बजेट तथा साझेदार निकायको समन्वयमा लागत सीमा भित्र रही सूचना, निवेदन संकलन तथा छनौट प्रक्रिया पुरा गरी संचालन गरिनेछ।

(४) कार्यसम्पादन प्रतिवेदन पश्चात अनुदान रकम सम्बन्धि उद्यमी व्यवसायीलाई बैंक मार्फत उपलब्ध गराइनेछ।

**१८.<u>अनुदानग्राही छनौट समितिः</u>** गाउँपालिका स्तरमा अनुदानग्राही छनौट गर्न देहाय बमोजिमको छनौट समितिको गठन गरिनेछ।

(क)गा.पा अध्यक्ष संयोजक

(ख)गा.पा उपाध्यक्ष -

सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना कार्यापालिका सदस्य - सदस्य

(ङ) सम्बन्धित वडा हेर्ने वडा कृषि प्राविधिक - सदस्य

(च) गाउँपालिका कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ सदस्य समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) छनौट समितिले अनुसूची -५ को ढाँचामा मूल्याङ्कनका आधार निर्माण गरी मूल्यांङ्कन गर्नेछ।

(४) अनुदानग्राही छनौट समितिको सचिवालय गाउँपालिकामा रहनेछ।

**१९. <u>अनुगमन तथा मुल्याङ्कनः</u>** यस कार्यविधि बमोजिम संचालित कार्यक्रमको दफा १८ बमोजिमको समितिबाट आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन हुनेछ।

**२०. <u>प्रतिवेदनः</u>** सम्पादन गरेका कार्यको प्रगति प्रतिवेदन अनुसूची -२ र ३ बमोजिमको ढाँचामा सम्बन्धित कृषि विकास शाखाले तयार गर्नुपर्नेछ।

**२१. <u>विवरण प्रकाशन गर्नु पर्नेः</u>** कार्यालयले अनुदानग्राहीको नाम सहितको विवरण त्रैमासिक रुपमा आफ्नो वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

**२२. <u>गुनासो व्यवस्थापनः</u>** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा अध्यक्ष समक्ष लिखित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो सम्बोधन गर्न अध्यक्षको संयोजकत्वमा विषयगत समिति संयोजक र सम्बन्धित विषयगत शाखा प्रमुख सदस्य रहेको गुनासो व्यवस्थापन इकाई रहनेछ।

(३) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएकोमा उपदफा (२) बमोजिमको गुनासो व्यवस्थापन इकाईले त्यस्तो गुनासो प्राप्त भएको मितिले १५ दिनभित्र निरुपण गर्नुपर्नेछ।

**२३. <u>लागत सहभागिता अनुदानः</u>** यस गाउँपालिकाले संघ, प्रदेश तथा साझेदार निकायसँग साझेदारीमा कोल्ड स्टोर, बहुउदेश्यीय भवन, हाटबजार,, कृषि उपज संकलन केन्द्र आदि निर्माण संचालन र व्यवस्थापनमा लागत साझेदारी जनाउन सक्नेछ।

**२४. <u>सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्नेः</u>** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीले सम्बन्धित सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताको शर्तमा नै उल्लेख गरी लागु गर्नु पर्नेछ।

२५. **<u>दोहोरो सुविधा लिन नपाउनेः</u>** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। एकै प्रकृतिका कामका लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म सोही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन।

२६. **<u>अनुदानग्राही जिम्मेवार हुनेः</u>** (१) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

(२) अनुदानबाट प्राप्त यन्त्र वा उपकरण वा सामाग्री वा वस्तुभाउको अनुदान प्रापकले संरक्षण गर्नुपर्नेछ। सामूहिक उपयोग हुन सक्ने सामग्री तथा वस्तुभाउको यथोचित संरक्षण, सुरक्षा हुन नसकी हानी भएको पाइएमा अनुदानको लागत रकम अनुदानग्राहीबाट असुल उपर गर्न कुनै बाधा पर्ने छैन।

२७. **<u>अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः</u>**कुनै कारणवश प्रचलित ऐन कानून विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवश कार्यालयले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ।

२८. **<u>अनुदान कार्यक्रमको सूचीः</u>** वार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गरिने अनुदान कार्यक्रमको सूची अनुसुची १ बमोजिम हुनेछ।अनुसुची १ मा संशोधन वा थप गर्नुपर्ने भएमा हरेक आर्थिक वर्षको साउन महिनाभित्र कार्यापालिकाबाट निर्णय गरी सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम संचालन गरिने कार्यक्रमको न्यूनतम मापदण्ड, गर्न सकिने क्रियाकलाप तथा अनुदानको सीमा (रकम/प्रतिशत) समेत अनुसूची -१ मा उल्लेख गरिए बमोजिम हुनेछ।

२९. **<u>संशोधन/बाधा अड्काउ फुकाउ सम्बन्धि व्यवस्थाः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाको निर्णयबाट संशोधन वा बाधा अड्काउ फुकाउ गर्न सकिनेछ।

३०. **<u>विविधः</u>** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

अनुसूची -१

(दफा २८ को उपदफा (१) र (२) संग सम्बन्धित)

## संचालन गर्न सकिने कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | कृषि प्रविधि प्रदर्शन तथा अन्य प्रदर्शन | • बाली/वस्तु, स्थान, प्रविधि र कृषकको छनौट प्राविधिक सम्भाव्यताको आधरमाकार्यालयले गर्ने।<br>• छनौट भएको कृषकले कार्यालयबाट उपलब्ध कृषि सामाग्रीको प्रयोग र संरक्षण गर्नुको साथै कार्यालयको प्राविधिक निर्देशन पालना गर्ने प्रतिबद्धता हुनुपर्ने। | • मापदण्डबमोजिम छनौट भएका विषयमा उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण लगायतका विषयहरुमा अनुसन्धान तथा प्रदर्शन गर्ने।<br>• आवश्यक सामाग्रीहरु र प्राविधिक सहयोग कार्यालयले गर्ने।<br>• कार्यक्रमको समाप्त भएपश्चात सम्बन्धित सामाग्री कृषकलाई हस्तान्तरण गर्नुपर्ने।<br>• कार्यालयले प्राविधिक प्रतिवेदन तथा अभिलेखीकरण गर्ने। | • कार्यालयले लागत अनुमान तथा इष्टिमेट स्वीकृत गरी कार्यक्रम संचालन गर्ने। |
| २ | बाली कटानी तथा तथ्यांङ्क अध्यावधिक | • तथ्याङ्क अद्यावधिक गर्नुपर्ने बालीहरुको पहिचान गर्ने।<br>• सिंचित र असिंचित उत्पादन क्षेत्रहरुको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी प्रत्येक उत्पादन क्षेत्रमा कम्तीमा ५ वटा randomized नमूनाबाट उत्पादन रेकर्ड लिने।<br>• छनौट क्षेत्रमध्ये (५ फिट*५ फिट) को नमूना क्षेत्र एकिन गरी बाली कटानी गर्ने। | • छनौट गरिएको नमुना क्षेत्रमा बाली कटानी गर्ने।<br>•बाली कटानी भएको नमुना क्षेत्रको छुट्टाछुट्टै तथ्याङ्क लिने।<br>• लिइएको तथ्याङ्क अनुसार उत्पादकत्व गणना गरी तथ्याङ्क कम्पाइलेसन तथा प्रतिवेदन तयारी गर्ने। | • एक बाली कटानीमा रू. ५०० खर्च गर्न सकिने।<br>• प्रति बाली कटानी पाँच नमुना हुनुपर्ने र प्रति नमुनाका लागि बढीमा रू. १०० (ज्याला ज्यामी स्वरुप ६०/- र क्षतिपूर्ति बापत रू. ४०/-) खर्च गर्न सकिने। |
| ३ | माटो परिक्षण शिविर | • कार्यालयले सरोकारवालाको माग र प्राविधिक सम्भाव्यताको आधारमा शिविर संचालन गर्ने स्थान छनौट गर्ने।<br>• माटो परिक्षण शिविर कम्तिमा २ दिन संचालन गर्नुपर्ने।<br>• कार्यालयले माटो परिक्षण शिविर संचालन गर्न आवश्यक रसायन, उपकरणहरू र प्राविधिक सेवा उपलब्ध गराउने। | • छनौट भएको स्थानमा शिविर संचालन हुने जानकारीको व्यापक प्रचारप्रसार गरी दिन सम्बन्धित वडा कार्यालयलाई अनुरोध गर्ने।<br>• शिविरमा संकलन भएको माटो नमूना मल तथा माटो परिक्षण प्रयोगशालामा नमुना जाँचका लागि समेत पठाउन सकिने।<br>• माटो नमूना जाँचको रिपोर्ट सुझाव सहित कृषकलाई उपलब्ध गराउनु पर्ने र तथ्याङ्क विश्लेषण | • कार्यालयले प्रति शिविर कम्तीमा ५० वटा नमूना परिक्षणका लागि आवश्यक रिएजेन्ट तथा सामाग्री खरिद इष्टिमेट अनुसार खर्च गर्ने।<br>• प्रचारप्रसार, चियापान, ब्यानर, स्टेशनरी, व्यवस्थापनमाप्रति शिविर अधिकतम रू. ५००० खर्च गर्न सकिने। |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | | प्रतिवेदन तयारी गर्ने। | |
| ४ | बाली उपचार शिविर | • नियमित शिविर संचालन गरिने स्थान छनौट कार्यालयले निर्णय गरी संचालन गर्नुपर्ने।<br>• आकस्मिक/घुम्ति शिविर संचालन कार्यालयको बजेटको परिधिभित्र रही मागको आधारमा संचालन गर्ने।<br>• शिविर संचालन कार्यालय आफै वा बाली संरक्षण प्रयोगशालाको समन्वयमा गर्नुपर्ने।<br>• शिविरमा कम्तिमा २५ जना कृषकहरुलाई सहभागी गराउने। | • शिविर संचालन हुने व्यहोराको सूचना सम्बन्धित वडा मार्फत कृषकहरुमा सूचना प्रवाह गराउने।<br>• शिविरका लागि आवश्यक जैविक तथा रासायनिक बिषादी खरिद गरी वितरण गर्न सकिने।<br>• बाली उपचारको तथ्याङ्क विश्लेषण गरि प्रतिवेदन तयारी गर्ने।<br>• बाली बिरुवामा लाग्ने रोग तथा किराको व्यवस्थानपनका लागि आई.पि.एम. विधि सिफारिस गर्ने। | • स्वीकृत इष्टिमेट अनुसार बजेटको परिधिभित्र रहि कार्यक्रम संचालन गर्ने।<br>• प्रचारप्रसार, चियापान, ब्यानर, स्टेशनरी, व्यवस्थापनमा प्रति शिविर अधिकतम रू. ५००० खर्च गर्न सकिने। |
| ५ | आकस्मिक बाली संरक्षण सेवा | • कार्यालयले कुनै क्षेत्रमा आकस्मिक रुपमा बाली तथा बिरुवामा शत्रु जीवको प्रकोप देखा परेमा निदान तथा व्यवस्थापनका कार्य संचालन गर्नुपर्ने। | • कार्यालयको निर्णय अनुसार कार्यक्रम संचालन हुने।<br>•कार्यालयले स्प्रेयर, जैविक तथा रासायनिक विषादि, एप्रोन, ग्लोब्स, चश्मा आदि प्रकोप नियन्त्रणमा प्रयोग हुने उपकरण तथा सामाग्रीहरु खरिद गरी व्यवस्थापन गर्ने।<br>• प्रतिवेदन तयार गर्ने। | • कार्यालयले लागत गरी इष्टिमेट स्वीकृत संचालन गर्ने। |
| ६ | तरकारी/फलफुल/पुष्प/ मसला तथा अन्य कृषि संग सम्बन्धित नर्सरी स्थापना/स्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम (सुन्तलाजात, वर्षे फलफुल, हिउँदे फलफुल, आलु आदि) | • बिरुवा उत्पादनका लागि निर्धारित जग्गा उपलब्ध भएको हुनुपर्ने।यदि जग्गा लिजमा लिएको भए फलफुल खेतिका लागी कम्तिमा १० वर्ष र तरकारी खेतिका लागि ५ वर्षको करार सम्झौता हुनुपर्ने।<br>• तपसिल बमोजिमको मापदण्ड पूरा गरि प्रस्ताव पेश गर्नुपर्ने।<br>• सुन्तलाजात फलफुल नर्सरी - ५ रोपनी<br>• वर्षे फलफुल नर्सरी - ५ रोपनी<br>• हिउँदे फलफुल नर्सरी - | • नर्सरी व्यवस्थापनका लागि माउ बोट, रूटस्टक, सायन, बीउ तथा बेर्ना खरिद, प्राङ्गारिक मल, पिटमस, कोकोपिट, स्फ्याङ्नम मस, विषादी, पोलीपट, नर्सरी ट्रे, आदि खरिद।<br>• सिँचाई पाइप, प्लाष्टिक पोखरी, सिँचाई पूर्वाधार, स्प्रिङ्कल लगायतका कार्य।<br>• नर्सरी सेड/नेट, स्क्रीन हाउस लगायत औजार/उपकरण (स्प्रेयर, प्रुनर आरि, बडिङ्ग/ग्राफ्टिङ्ग चक्कु) आदि खरिद/निर्माण।<br>• उत्पादन सामाग्री खरिद। | • यन्त्र उपकरण तथा उत्पादन सामाग्रीमा बढीमा ५० प्रतिशत<br>• पूर्वाधार निर्माणमा बढीमा ७५ प्रतिशत अनुदान। |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | ५ रोपनी<br>• च्याउ बीउ स्रोत केन्द्र - ३००० के.जी.<br>• आलु बीउ स्रोत केन्द्र - ३० रोपनी<br>• तरकारी/पुष्प नर्सरी - १ रोपनी<br>• मसला बाली नर्सरी - 1 रोपनी<br>• कम्तिमा १० वर्ष निरन्तर स्रोत केन्द्र संचालन गर्नुपर्ने र उत्पादित उपज सहुलियत दरमा कृषकलाई उपलब्ध गराउने प्रतिबद्धता गर्नुपर्ने। | • यन्त्र उपकरण खरिद।<br>• प्याकेजिङ्ग सामाग्रीहरु खरिद। | |
| ७ | बीउ आत्मनिर्भर कार्यक्रमः<br>१. खाद्यान्न /दलहन/तेलहन बाली बीउ उत्पादन<br>२. तरकारी बाली बीउ उत्पादन<br>३. आलु बीउ उत्पादन | • बीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा संचालन गर्नुपर्नेछः<br>• तरकारी बीउ - २ रोपनी<br>• लसुन/प्याज बीउ - ३ रोपनी<br>• खाद्यान्न बाली बीउ - ६० रोपनी<br>• दलहन/तेलहन बीउ - २० रोपनी<br>• आलु बीउ - २० रोपनी<br>• एकल वा सामुहिक बीउ उत्पादन गर्न सकिने ।<br>• सामुहिक बीउ उत्पादन कलष्टरमा गर्नुपर्ने।<br>• बीउ बिजन कारोबार गर्ने अनुमातिपत्र लिएको संस्था वा त्यस्तो संस्थासंग समन्वय गर्ने प्रतिबद्धता हुनुपर्ने।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | • उत्पादन सामाग्रीः स्रोत बीउ, सुचीकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्म तत्व<br>• प्याकेजिङ्ग सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरण खरिद। | • वार्षिक स्वीकृत बजेट परिधि भित्र रहीः<br>• तरकारी बीउ उत्पादनमा प्रति रोपनी अधिकतम रू. १००००,<br>• आलु बीउ उत्पादनमा प्रति रोपनी अधिकतम रू. २५००,<br>• खाद्यान्न/दलहन/तेलहन उत्पादनमा प्रति-रोपनी अधिकतम रू. ५०००,<br>• लसुन/प्याज बीउ उत्पादनमा प्रति रोपनी अधिकतम रू. ५०००, अनुदान दिन सकिने। |
| ८ | सामुदायिक बीउ | • कृषक समुह तथा कृषि | • खाद्यान्न बीउ प्रशोधनका लागि | • ७५ प्रतिशत अनुदान। |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | बैंक/भण्डार गृह/संरक्षण केन्द्र सहयोग | सहकारीले आवेदन पेश गर्न सक्ने। • वार्षिक न्यूनतम ५ मे.टन. खाद्यान्न बालीको प्रमाणित बीउ उत्पादन गरेको हुनुपर्ने। • पूर्वाधार निर्माणका लागि कम्तिमा २ कठ्ठा जग्गा आवेदकको स्वामित्वमा रहेको हुनुपर्ने। | आवश्यक औजार उपकरण खरिद , • गोदाम घर निर्माण, थ्रेसिङ्ग फ्लोर निर्माण, प्रशोधन सामाग्री • कृषकलाई सामुहिक बीउ उत्पादन, सङ्कलन, प्रशोधन तथा सुरक्षित भण्डारणमा टेवा पुर्याउने र समुदायद्वारा व्यवस्थित गर्ने। • स्थानिय जातहरुको संरक्षणका क्रियाकलापहरु। | |
| ९ | मागमा आधरित व्यवसायिक कृषि विकास कार्यक्रम | • कार्यालयले तपसिल बमोजिमको सूचीबाट प्राथमिकता बाली वस्तु तोकी देहायको मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्नेः • तरकारी खुल्ला - ७ रोपनी • अदुवा-१५ रोपनी • बेसार - ५ रोपनी • लसुन/प्याज - ३ रोपनी • फलफुल (थप) - १० रोपनी • खाद्यान्न बाली - १५ रोपनी •दलहन/तेलहन -५रोपनी • रैथाने बाली -३ रोपनी | • कृषक वा निजी उद्यमी वा समुह वा सहकारीले माग गरेका बाली तथा वस्तुको उत्पादन तथा प्राथमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरु। | • बजेटको परिधिभित्र रहीः • यन्त्रउपकरण/अन्य सामाग्रीको हकमा ५० प्रतिशत • बीउ बिजन तथा पूर्वाधार निर्माणमा ७५ प्रतिशत |
| १० | जैविक तथा वनस्पातिक विषादी उत्पादन तथा प्रवर्धन | •कार्यालयले कृषक समुह वा सहकारी सँगको सहकार्यमा विषादी उत्पादन तथा प्रदर्शन कार्य संचालन गर्नुपर्ने। • उत्पादित जैविक तथा वानस्पतिक विषादी प्रदर्शन गर्नुपर्ने। | • जैविक तथा वानस्पतिक विषादी उत्पादन गर्न आवश्यक सामाग्री खरिद गर्ने • प्रदर्शन • प्रतिवेदन तयारी। | • कार्यालयबाट स्वीकृत बजेटको परिधिभित्र रहि संचालन गर्नुपर्ने |
| ११ | बजार पूर्वाधार निर्माण (हाट बजार, संकलन केन्द्र, कृषि उपज बजार) | • कृषक समुह/सहकारी/बजार समिति मार्फत संचालन गर्ने • स्थायी संरचनाको हकमा कार्यालयले सम्बन्धित स्थानिय वडाको समन्वयमा गर्न सकिने। | • कृषि बजार पूर्वाधार निर्माण। | • सामुदायिक पृर्वाधारमा ७५ प्रतिशत • निजी पूर्वाधारमा ५० प्रतिशत। |
| १२ | फलफुल/ कफी बगैंचा सुदृढिकरण कार्यक्रम | • कार्यालयले उपयुक्त बगैचाको छनौट गरी कृषि फर्म वा समुह | • बगैचाको काँटछाँटका लागि सिकेचर, आरी, विडर, स्प्रेयर | • प्रति कार्यक्रमका लागि अधिकतम रु. ५० हजार। |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | (सुन्तलाजात, वर्षे फलफुल, हिँउदे फलफुल लगायत) | वा सहकारी मार्फत कार्यक्रम संचालन गर्ने। • कार्यालयले फलफुल बगैचाको उत्पादकत्व बृद्धि गर्न काँटछाँट, रोग निदान तथा व्यवस्थापन सहयोग संचालन गर्ने। • कम्तिमा फलफुल १० रोपनी र कफि ५ रोपनीमा संचालन हुनुपर्ने। • नमुनाको रुपमा बगैचा सुदृढिकरण गर्नुपर्ने। | लगायतको औजार/उपकरण खरिद। • सिंचाई सामाग्री तथा उपकरण खरिद • फ्रुट फ्लाइको लागि ट्र्याप, ढुशिनासक, किटनाशक विषादी खरिद। • अन्य आवश्यक सामाग्री तथा प्राविधिक सेवा। | • अधिकतम ७५ प्रतिशत अनुदान। • प्राविधिक सेवा शत प्रतिशत (१००%) |
| १३ | प्राङ्गारिक टोल विकास कार्यक्रम | • कार्यालयले प्राविधिक कार्यदल बनाई उपयुक्त स्थान छनौट गर्ने। • कम्तिमा १५ घरधुरी समेटी कार्यक्रम संचालन गर्नुपर्ने। • नमुना प्राङ्गारिक टोल विकास समिति वा समुह वा सहकारी मार्फत संचालन गर्ने। • स्वीकृत बजेटको परिधिभित्र रही अनुदानग्राहीको साझेदारीमा कार्ययोजना स्वीकृत गरी संचालन गर्ने। | • प्राङ्गारिक खेति, उत्पादन, प्रमाणिकरण, बजारीकरण गतिविधिहरु संचालनमा सहयोग गर्ने। • क्षमता अभिवृर्धि • भकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन • बीउ, बेर्ना, सिंचाई लगायतका अन्य क्रियाकलापहरुमा सहयोग गर्ने। | • सामुदायिक पूर्वाधार निर्माण तथा सामुदायिक रुपमा प्रयोग हुने यन्त्र उपकरणमा ७५ प्रतिशत • अन्य सामाग्रीमा ५० प्रतिशत अनुदान। • प्राविधिक सेवा शत प्रतिशत (१००%) |
| १४ | प्रस्तावनामा आधारित महिला कृषि समुहलाई सामुहिक खेति (अकबरे खुर्सानी, प्याज, लसुन) | • समुह/सहकारी मार्फत कार्यक्रम संचालन गर्ने। • प्रस्ताव छनौट गर्दा महिला कृषक समुह/सहकारी लाई विशेष प्राथमिकतामा राख्नुपर्ने। • महिला कृषक समुह/सहकारी बाट प्रस्ताव पेश नभएको अवस्थामा अन्य समुह/सहकारी मार्फत संचालन गर्न सकिने। • क्लष्टरमा कम्तीमा १ हेक्टर (२० रोपनी) क्षेत्रफलमा खेती गरिएको हुनुपर्ने। | • उत्पादन सामाग्रीहरु, उपकरणहरु खरिद गर्ने, • क्षमता अभिवृद्धि • बजारीकरण, प्याकेजिङ्ग आदिमा सहयोग। | • अकबरे खुर्सानी/प्याज/लसुन खेतिमा बढिमा प्रति हेक्टर बढिमा रू. १लाख खर्च गर्न सकिने। • सामुदायिक पूर्वाधारमा र औजार उपकरणमा ७५ प्रतिशत • निजी पूर्वाधारमा र औजार उपकरणमा ५० प्रतिशत रकम अनुदान। |
| १५ | गाउँपालिका उत्कृष्ट | • उत्कृष्ट कृषक/उद्यमी छनौटको | • यस कार्यविधि बमोजिम दफा १८ | • पुरस्कार रकम तथा |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | कृषक/उद्यमी/कृषि सहकारी पुरस्कार | आधार राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यविधि, २०७१ (दोस्रो संशोधन, २०७५) लाई आधार मानिनेछ।<br>• १ महिना अवधिको म्याद दिई सूचना प्रकाशन गरि सम्बन्धित वडा कृषि प्राविधिकलाई समेत जानकारी गर्नुपर्ने। | बमोजिमको छनौट समिति र स्थानिय कृषि व्यवसाय प्रवर्द्धन समिले उत्कृष्ट कृषक/उद्यमी/सहकारी छनौट गर्ने।<br>• पुरस्कार बितरण कार्यक्रम संचालन गर्ने। | व्यवस्थापन खर्च स्वीकृत बजेटको परिधिभित्र रहि संचालन गर्ने। |
| १६ | कार्यालय परिसरमा प्रयोगशाला (ल्याब) स्थापना | • कार्यालयले आवश्यकताका आधारमा माटो जाँच ल्याब/मिनी ल्याब, बीउ बिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, आदि स्थापना गर्न सकिने।<br>• केन्द्रिय/प्रादेशिक प्रयोगशालाको मापदण्ड पालना गरी कार्यालयले आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन गर्नेपर्ने। | •स्वीकृत गरेको प्राविधिक ईस्टिमेट, डिजाइन तथा स्पेसिफिकेशनको आधारमा निर्माण भएको हुनुपर्ने।<br>• प्रयोगशाला संचालनका लागि आवश्यक पूर्वाधार, मेशिनरी/उपकरण, सामाग्रीहरु तथा रसायन खरिद। | • प्रयोशालाबाट प्रवाह गर्ने सेवमा अधिकतम ७५ प्रतिशत सम्म अनुदान। |
| १७ | फलफुल बिरुवा बितरण कार्यक्रम | • उन्नत जातको फलफुल बिरुवा मार्फत फलफुलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गरेको हुनुपर्ने।<br>• सामुहिक वा एकल रुपमा एउटै चक्लामा (क्लष्टरमा) बगैंचा स्थापना गर्नेलाई प्राथमिकता दिइने। | • विभिन्न जातका उन्नत फलफुल बिरुवा खरिद, ढुवानी र बितरण। | • फलफुल बिरुवा अधिकतम ७५ प्रतिशत अनुदानमा तपसिल अनुसारको प्राथमिकताक्रमका आधारमा खरिद गर्नुपर्नेः<br>• जिल्ला दर रेट,<br>• सरकारी मूल्य,<br>• प्रचलित दर रेट। |
| १८ | साना कृषि मेशिनरी औजार उपकरण बितरण | • सम्बन्धित निकायमा दर्ता भएको कृषि उद्यमी/ कृषक समुह/समुह सदस्य/कृषि सहकारी संस्था हुनुपर्ने।<br>• साना कृषि मेशिनरी औजार उपकरण अन्तर्गत रू. ५० हजार देखि २ लाख पचास हजार मूल्य बराबरको कृषि औजार उपकरणहरु पर्ने।<br>• एकै प्रकृतिको यन्त्र उपकरणको | • साना कृषि मेशिनरी औजार उपकरणहरु खरिद।<br>• खरिद प्रक्रिया प्रचलित कानून अनुसार गर्नुपर्ने। | • साना कृषि मेशिनरी औजार उपकरणहरुमा ५० प्रतिशत वा बढिमा रू १ लाख |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | भुक्तानीमा एकरुपता कायम गर्न सम्बन्धित कार्यालयले अनुदानको अधिकतम सीमा तोक्न सक्नेछ। | | |
| १९ | रष्टिक स्टोर निर्माण/ सुदृढिकरण | • आवेदक कृषक समुह/सहकारी हुनुपर्ने।<br>• कम्तिमा १० मे.टन. बीउ आलु भण्डारण हुन सक्ने संरचना निर्माण गर्नुपर्ने।<br>• स्थानिय श्रोत साधन प्रयोग गरी निर्माण गर्न सकिने। | • सम्बन्धित कार्यालयबाट डिजाइन स्पेशिफिकेशन स्वीकृत गराई संरचना निर्माण गर्नुपर्ने। | • संरचना निर्माणमा ७५ प्रतिशत सम्म अनुदान |
| २० | खाद्यान्न/ दलहन/तेलहन /तरकारीको बीउ बितरण कार्यक्रम | • लक्षित कृषक, समुह, सहकारी, फर्मलाई खाद्यान्न/दलहन/तेलहन र मौसमी तरकारीको बीउ बितरण गर्नेपर्ने। | • बाली लगाउने मौसमअनुसार कार्यालयले खरिद, ढुवानी गरि बितरण गर्नुपर्ने।<br>• खरिद प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्ने। | • बजेटको परिधिभित्र रहि अधिकतम ७५ प्रतिशत अनुदान |
| २१ | दैनिक कृषि प्रसार सेवा/प्राविधिक सेवाका लागि यन्त्र उपकरण/ सामाग्री खरिद | • कार्यालयले सञ्चालित कार्यक्रमलाई सफल बनाउन आवश्यक सेवा, टेवा वा प्रविधि हस्तान्तरण हुने गरी कृषि क्षेत्रमा प्रयोग हुने उपकरणहरु वा औजार वा मेशिन वा केमिकल्स वा औषधी वा विषादी वा किट बक्स वा झोला वा अन्य आधुनिक प्रविधि सहयोगी सामाग्रीहरु खरिद गरी प्राविधिक सेवा दिने।<br>• दैनिक कृषि प्रसार सेवाका लागि कार्यालयले बीउबिजन, जैविक तथा रासायनिक विषादी र प्राविधिक परामर्श सेवा दिने। | • कार्यालयले प्राविधि सहयोगी सामाग्री खरिद गर्ने।<br>• प्राविधिक यन्त्र उपकरण प्रयोग गरी गुणस्तरीय सेवा दिने।<br>• दैनिक प्रसार सेवा संचालनका लागि आवश्यक बीउबिजन, जैविक/प्राङ्गारिक तथा रासायनिक विषादी खरिद, ढुवानी गरी बिक्रि बितरण गर्ने।<br>• खरिद प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्ने। | • वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही खरिद गर्ने।<br>• दैनिक प्रसार सेवा संचालनका हकमा कार्यक्रम स्वीकृतका आधारमा (यन्त्र उपकरणको हकमा अधिकतम ७५% र अन्य उत्पादन सामग्रीमा ७५% देखि १०० (शत)% सम्म अनुदान) |
| २२ | सेरेना मौरी प्रवर्द्धन कार्यक्रम | • हाल व्यवसाय संचालन गरिरहेका कृषकको हकमा कम्तिमा १० घार सेरेना मौरी थप गर्ने गरी मौरी पालन गरेको योजना हुनुपर्ने।<br>• नयाँ मौरी व्यावसाय स्थापनाको हकमा पनि कम्तिमा | • छनौट भएका कृषक, समुह, सहकारी, फर्मले कार्ययोजना बमोजिमको निम्न अनुसारको कार्य गर्नुपर्नेः<br>• मौरीको आधूनिक न्यूटन बि घार खरिद (आधार चाका सहित)<br>• सेरेना जातको मौरी खरिद | • स्वीकृत लागत इष्टिमेट अनुसार कुल लागतको ५० प्रतिशत अनुदान |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | १० घार सेरेना मौरी पालन गर्ने चरण क्षेत्र सहितको योजना बनाई पेश गर्नुपर्ने।<br>• उत्पादन, प्रशोधन तथा बजारीकरण कार्य गर्नु पर्ने। | • औषधी तथा खोप<br>• क्षमता अभिबृद्धि<br>• ग्लोब, महदानी, एप्रोन, चक्कु, जालीदार ह्याट (टोपी), धुवाँदानी, आदि | |
| २३ | व्यसायिक किवी खेति | • समुन्द्री सतहको १२०० मिटर देखि २४०० मिटरको उचाईमा रहेको न्यूनतम १० रोपनीको क्लष्टरमा खेति गर्नुपर्ने।<br>• माच (Staking) व्यवस्थापन बिरुवा रोपन पूर्व गरिसक्नु पर्ने।<br>• बिरुवा रोप्दा बगैंचाको रेखाङ्कन अनिवार्य रुपमा गर्नुपर्नेछ र प्राविधिक मापदण्ड अनुसार बिरुवा रोप्नुपर्नेछ। | •किवी बगैंचा स्थापना तथा क्षेत्र विस्तारका लागि बिरुवा खरिद, माच (Staking) व्यवस्थापन, सिंचाई व्यवस्थापन तथा यान्त्र उपकरण/औजार खरिद गर्नुपर्ने,<br>• किवी प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने यन्त्र उपकरण खरिद,<br>• क्षमता अभिबृद्धि<br>• प्याकेजिङ्ग र बजारीकरणमा सहयोग | • बिरुवा खरिदमा अधिकतम ७५ प्रतिशत अनुदान<br>• यन्त्र उपकरण, प्याकेजिङ्ग तथा बजारीकरणमा अधिकतम ५० प्रतिशत अनुदान। |
| २४ | व्यवसायिक कफि खेती | • समुन्द्र सतहदेखि १४०० मिटरको उचाईमा रहेको न्यूनतम १० रोपनीको क्लष्टरमा खेती गर्नुपर्ने।<br>• छहारी व्यवस्थापन बिरुवा रोपन पूर्व गरिसक्नुपर्ने।<br>• बिरुवा रोप्दा बगैंचाको रेखाङ्कन अनिवार्य रुपमा गर्नुपर्नेछ र प्राविधिक मापदण्ड अनुसार बिरुवा रोप्नु पर्नेछ। | • कफि बगैंचा स्थापना तथा क्षेत्र विस्तारका लागि बिरुवा खरिद, छहारी व्यवस्थापन, सिंचाई व्यवस्थापन तथा यान्त्र उपकरण/औजार खरिद गर्नुपर्ने,<br>• कफि प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने यन्त्र उपकरण खरिद,<br>• क्षमता अभिबृद्धि<br>• प्याकेजिङ्ग र बजारीकरणमा सहयोग। | • बिरुवा खरिदमा अधिकतम ७५ प्रतिशत अनुदान<br>• यन्त्र उपकरण, प्याकेजिङ्ग तथा बजारीकरणमा अधिकतम ५० प्रतिशत अनुदान। |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| २५ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम | • कार्यक्रम संचालनका लागि वडा कार्यालयको समन्वयमा यस कार्यविधिको दफा १८ बमोजिको अनुदानग्राही छनौट समिति बाट रैथाने बाली उत्पादन सम्भावना भएका वडाहरुमा गर्न सकिने।<br><br>• कृषक समुह/सहकारीको हकमा कम्तिमा १५ रोपनी र व्यक्तिगत हकमा ५ रोपनी क्षेत्रफलमा रैथाने बाली उत्पादन गर्नुपर्ने। | • बाली उत्पादन सामाग्रीहरु, उपकरणहरु खरिद गर्ने,<br>• क्षमता अभिवृद्धि<br>• बजारीकरण, प्याकेजिङ्ग आदिमा सहयोग। | • स्वीकृत बजेटको परिधिभत्र रहि अधिकतम ७५ प्रतिशत अनुदान। |
| २६ | युवा लक्षित कृषि विकास कार्यक्रम | • कृषि व्यवसायमा संलग्न हुने युवा/युवतीलाई व्यवसायिक तरकारी, च्याउ, मह, फलफुल, मसला बाली उत्पादन कार्यमा लक्षित हुनेछ।<br>• तपसिल बमोजिमको मापदण्ड पूरा गरी प्रस्ताव पेश गर्नुपर्ने।<br>• मौरीपालन -कम्तिमा १० वटा घारमा मौरीपालन<br>• व्यवसायिक फलफुल खेति -एउटा फलफुल नर्सरी सहित कम्तिमा ५ रोपनी कलष्टरमा खेति गर्नुपर्ने<br>• च्याउ उत्पादन -सिताके च्याउ कम्तिमा १०० मुडामा र कन्ये च्याउ १४*२२ फिट चौडाईको २ वटा टहरामा<br>• तरकारी उत्पादन - कम्तिमा ५ रोपनीमा खेति गरेको हुनुपर्ने<br>• मसला बाली - अलैंची/अदुवा बालीको लागी कम्तिमा १५ | • नर्सरी व्यवस्थापन तथा क्षत्रविस्तारका लागी माउ बोट, रूटस्टक, सायन, बीउ तथा बेर्ना खरिद, प्राङ्गारिक मल, पिटमस, कोकोपिट, स्फ्याङ्नम मस, विषादी, पोलीपट, नर्सरी ट्रे, आदि खरिद।<br>• सिँचाई पाइप, प्लाष्टिक पोखरी, सिँचाई पूर्वाधार, स्प्रिङ्कल लगायतका कार्य।<br>• नर्सरी सेड/नेट, स्क्रीन हाउस लगायत औजार/उपकरण (स्प्रेयर, प्रुनर आरि, बडिङ्ग/ग्राफ्टिङ्ग चक्कु) आदि खरिद/निर्माण।<br>• उत्पादन सामाग्री खरिद।<br>• यन्त्र उपकरण खरिद।<br>• प्याकेजिङ्ग सामाग्रीहरु | • यन्त्र उपकरण तथा उत्पादन सामाग्रीमा बढीमा ५० प्रतिशत<br><br>• पूर्वाधार निर्माणमा बढीमा ७५ प्रतिशत अनुदान |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | रोपनी, बेसार बालीका लागी कम्तिमा ५ रोपनी, प्याज र लसुन बालीका लागी कम्तिमा ३ रोपनी | | |
| २७ | लसुन तथा प्याज प्रवर्द्धन कार्यक्रम | • कृषक समुह, सहकारी, कृषि फर्म तथा व्यक्तिगत रुपमा प्रस्ताव पेश गर्न सकिने।<br>• कार्यक्रम संचालनका लागि समुह/सहकारीको हकमा न्यूनतम ३० रोपनी र व्यक्तिगत रुपमा कम्तिमा १० रोपनीमा खति गर्नुपर्ने। | • उन्नत जातको बीउ बिजन खरिद, सिंचाई व्यवस्थापन, जैविक/प्राङ्गारिक मल/विषादी खरिद, साना कृषि यन्त्र उपकरण, मल्चिङ्ग व्यवस्थापन र भण्डारणमा सहयोग। | • बीउबिजन खरिद र पूर्वाधार निर्माणमा ७५ प्रतिशत अनुदान,<br>• अन्य सामाग्री खरिद तथा व्यस्थापनमा ५० प्रतिशत अनुदान। |
| २८ | चिया खेति प्रवर्द्धन तथा चिया प्रशोधन र बजारीकरण | • चिया खेति विस्तारका लागि कम्पनीहरुको हकमा न्यूनतम ५० हेक्टर जग्गामा खेति हुनुपर्ने,<br>• साना कृषक तथा सहकारीको हकमा कम्तिमा १० हेक्टर जग्गामा चिया खेति विस्तार गर्नु पर्नेछ।<br>• प्राङ्गारिक प्रमाणिकरण, ब्राण्डिङ्ग, प्याकेजिङ्ग र बजारीकरणका लागी प्रशोधन कार्य शुरु भएको हुनुपर्ने। | • चिया खेतीका लागि क्षेत्र विस्तार, प्रशोधन, यान्त्रिकरण, प्राङ्गारिक प्रमाणिकरण ब्राण्डिङ्ग, प्याकेजिङ्ग र बजारीकरणाका लागी आवश्यक बीउ बिजन, यन्त्र उपकरण, खरिद गर्न सकिने। | • कुल लागतको अधिकतम ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। |
| २९ | च्याउ खेति प्रवर्द्धन कार्यक्रम | • कार्यालयले कार्यक्रम संचालनका लागि कृषक समुह, सहकारी तथा फर्महरुबाट माग/प्रस्ताव संकलन गर्नुपर्ने।<br>• प्रस्तावका आधारमा स्थलगत निरिक्षण गरी मूल्यांकन तथा अनुदानग्राही छनौट गर्नुपर्नेछ। | • संरचना निर्माण जस्तै टनेल निर्माण (बाँस, सिलपाउलिन प्लाष्टिक, प्याकेजिङ्ग प्लाष्टिक) खरिद,<br>• अन्य उत्पादन सामाग्री तथा सिंचाई व्यवस्थापन सामाग्री,<br>• क्षमता अभिबृद्धि प्राविधिक तालिम,<br>• च्याउको बीउ (स्पन) खरिद। | • च्याउको बीउ स्पन खरिदमा अधिकतम ७५ प्रतिशत अनुदान,<br>• अन्य सामाग्रीमा अधिकतम ५० प्रतिशत अनुदान |
| ३० | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | • कार्यालयले कार्यक्रम अन्तर्गत लक्षित कार्यहरु उत्पादन पकेटमा गर्नुपर्नेछ, पकेट छनौट गर्दा संम्भव भएसम्म एकआपसमा | • क्षेत्र विस्तारका लागी बीउ बितरण तथा उत्पादन सहयोग<br>• बृहत क्षेत्र प्रर्दधनका (Large plot dem लागि कम्तिमा ३ रोपनीमा | • उन्नत बीउमा अधिकतम ७५ प्रतिशत अनुदान<br>• अन्य उत्पादन सामाग्री |

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालनगर्न सकिने क्रियाकलापहरु | अनुदान (सीमा रकम/प्रतिशतमा) |
|---|---|---|---|---|
| | | जोडिएका प्लटहरु हुनुपर्नेछ।<br>• प्रत्येक पकेटको क्षेत्रफल/साइज कृषक समुह, सहकारीको हकमा कम्तिमा ४० रोपनी र व्यक्तिगत हकमा कम्तिमा १० रोपनी हुनुपर्नेछ। | प्रदर्शन क्रियाककलाप गर्न सकिने।<br>• प्रविधि प्रसार र प्राविधिक सेवा टेवा।<br>• साना सिँचाई तथा कृषि यान्त्रिकरण सहयोग।<br>• प्रशोधन, प्याकेजिङ्ग, ब्राण्डिङ्ग तथा बजारीकरण सहयोग। | तथा प्रशोधन, बजारीणमा अधिकतम ५० प्रतिशत अनुदान। |
| ३१ | मौसम अनुसारका तरकारीको वीउ वितरण कार्यक्रम | • विभिन्न मौसम अनुसार कृषकलाई चाहिने आवश्यक तरकारीहरुको वीउ विजन खरीद गरी वितरण गरेको हुनुपर्नेछ। | • मौसम अनुसारका तरकारीको वीउ वितरणका लागि आवश्यकता अनुसार बीउबिजन खरिद, ढुवानी गरी बिक्रि बितरण गर्ने।<br>•खरिद प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्ने। | • कार्यक्रम स्वीकृतका आधारमा ७५% देखि १०० (शत)% सम्म अनुदान।<br>• वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही खरिद गर्ने। |

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
फालेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
थकेपुङ, पाँचथर

विषयः **कृषि विकास कार्यक्रम माग/सहभागी हुन पाँउ भन्ने बारे।**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८../...../..... गते प्रकाशित सूचना बमोजिम म/हामी ................................................... समुह/सहकारी/फर्म संस्थाले कृषि विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिम उल्लेखित कार्यक्रम संचालन गर्नको लागि यो निवेदन पेश गरेको/गरेका छु/छौ।

| क्र.स. | कार्यक्रमको नाम | क्रियाकलापको विवरण | कुल अनुमानित लागत रू. | माग गरिएको अनुदान रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**आवश्यक कागजातहरूः**

१. सम्बन्धित निकायमा फर्म/समुह/सहकारी/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
३. कृषि सहकारी/निजि उद्यमी/कम्पनीको हकमा गत आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।
४. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेति भएमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतापत्र।
५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।
६. संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धित निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिको अख्तियारीको निर्णय।
७. आवेदकले दोहोरो नपर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।
८. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणपत्रको प्रतिलिपि।

**निवेदकको:**
नाम, थरः
ठेगानाः
दस्तखतः
मोबाइन नः

**संस्था वा समुह/सहकारी भएमाः**
संस्था वा समुहको नामः
ठेगानाः
सम्पर्क व्यक्तिको नाम, सम्पर्क नः
संस्थाको छाप

अनुसूची - ३

(दफा १९ सँग सम्बन्धित)

कार्यालयले तयार गर्ने वार्षिक प्रगति प्रतिवेदन ढाँचा

आर्थिक वर्षः

| क्र. स. | बजेट उपशिर्षक नम्बर | कार्यक्रम | वडा | अनुदानग्राही को नाम | अनुदानग्राही को फर्म वा समुह संस्थाको नाम | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा | अनुदानग्राही लाई भएको अन्तिम भुक्तानी रकम | फिर्ता दाखिला भएको अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची - ४

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

आवश्यक योग्यताः

क. आवेदक कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्ने।

ख. समुहले आवेदन दिँदा निजको नेतृत्वमा कम्तिमा ३ देखि ५ जना र संस्थाले निवेदन दिँदा कम्तिमा १० घरधुरी लाई अनिवार्य समेटेर प्रस्ताव तयार गर्नुपर्नेछ।

ग. पुरानो संस्था भए आवेदकले लेखापरिक्षण कर चुक्ता एवं नविकरण पूरा नियमित गरेको हुनुपर्नेछ।

घ. आवेदकले निवेदनका साथ आफ्नो निर्माण कार्यको प्राविधिक स्टिमेट र आगामी कार्ययोजना सहितको कार्यक्रम प्रस्ताव पेश गर्नुपर्नेछ।

ङ. बैंकको कर्जा स्वीकृत भएको भए सोको प्रमाण समेत संलग्न गर्नुपर्नेछ।

स्थलगत प्रमाणिकरण मूल्यांकन फारमः

| **क्र.स.** | **मूल्याङ्कनका आधार** | **अङ्कभार** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| **१** | **भौतिक क्षमता** | **३०** | |
| १.१ | आवेदकको पृष्ठभुमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/नभएको | १० | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारको लागि संभावना भए/नभएको | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जमिन तथा भवन आदि) | ७ | |
| १.४ | भौतिक उपयुक्तता | ७ | |
| **२** | **प्राविधिक क्षमता** | **२०** | |
| २.१ | प्रस्तावित कार्यक्रमसँग मेल खाने क्रियाकलापमा हाल संलग्नता छ/छैन | ८ | |
| २.२ | आवेदकसंग सम्बन्धित विषयको तालिम/कामको अनुभव छ/छैन | १२ | |
| **३** | **वित्तिय क्षमता** | **३०** | |
| ३.१ | मौजुदा पुँजी, लक्षित वर्गबाट हुने लगानी सहभागिता, प्रस्तावकको अन्य निकायबाट जुटाउन सक्ने लगानी, आदि | २० | |
| ३.२ | प्रस्तावकले लागत साझेदारीका प्रतिबद्धता अनुसारका सम्भाव्यता | १० | |
| **४** | **रोजगारी र दिगोपनाको सम्भावना** | **२०** | |
| ४.१ | रोजगारी सिर्जना र जिविकोपार्जनमा पार्ने योगदान | १० | |
| ४.२ | कार्यक्रमको निरन्तरता एंव दिगोपनाको सम्भावना | १० | |
| | **कूल जम्मा** | **१००** | |

आज्ञाले

डम्बर बहादुर आङ्देम्बे

प्रमुख प्रशासकीय अधिकृत